# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
# M/s Taragaon Regency Hotels Ltd.

HYATT REGENCY

बौद्ध, काठमाडौं, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३

## २८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०८१ मंसिर १९ गते (तदानुसार ४ डिसेम्बर, २०२४) बुधबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २८औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयं वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१ साल पौष २४ गते (तदानुसार ०८ जनवरी, २०२५) बुधबार।
**समय** : बिहान ११:०० बजे।
**स्थान** : नेपाल आर्मी अफिसर्स कल्ब, जङ्गिअड्डा-भद्रकाली काठमाण्डौं।

**छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

(१) आर्थिक वर्ष २०८०/०८१ (२०२३/२०२४) को सञ्चालक समितिको २८औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२०२४) को वित्तीय विवरणहरुः वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने।
(३) आ.व. २०८१/०८२ (२०२४/२०२५) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
(४) कम्पनीको मिति २०८१/०८/१९ (तदानुसार ४ डिसेम्बर, २०२४) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ११% नगद लाभांश (कर बाहेक) प्रदान गर्ने प्रस्ताव पारित गर्ने।
(५) कम्पनीको सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक पद-१ (एक) निर्वाचन गर्ने।
(६) संचालक समिति र संचालक समिति अन्तर्गत गठित समितिहरुको सदस्यको बैठक भत्ता अनुमोदन गर्ने सम्बन्धमा।

**(ख) विविध।**

सञ्चालक समितिको आज्ञाले,
**गीता दाहाल**
**कम्पनी सचिव**

**पुनश्च**: सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान हिसाब, साधारण सभा सम्बन्धी जानकारी, प्रोक्सी फाराम र प्रवेश पत्र यस कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौमा वा शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटल लिमिटेड, चौंथो तल्ला, ट्रेड टावर थापाथली, काठमाडौंमा आई निरिक्षण गर्न वा प्राप्त गर्न सकिनेछ। वार्षिक प्रतिवेदन, साधारण सभामा पेश हुने प्रस्तावहरु कम्पनीको website:www.taragaon.com बाट जानकारी प्राप्त गर्नु हुन सम्बन्धित सबै शेयरधनीहरुमा अनुरोध छ।

**२८औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी :**

(१) कम्पनीको २८औं वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्र पूर्ण रुपमा भरेर वा आफ्नो कुनै सक्कल आधिकारीक परिचय खुल्ने प्रमाण सहित वा शेयर प्रमाण पत्रको प्रतिलिपि वा कम्पनीको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनी महानुभावहरुको हकमा हितग्राही परिचय पत्र नं. साथमा लिई आउनुहुन अनुरोध छ। प्रतिनिधी नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा सस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ।
(२) सभामा भाग लिन आउनु हुने सबै शेयरधनी महानुभावहरु वा निजका प्रतिनिधीहरुले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ। उक्त हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ। शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम साधारण सभाका लागि आवश्यक गणपूरक संख्या पुरा भए पश्चात सभाको काम कारवाही अगाडी बढाइनेछ।
(३) नाबालक वा अशक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ।
(४) सभामा भाग लिनको निमित्त प्रतिनिधि नियुक्त गर्नको लागि शेयरधनी महानुभावहरुले कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्त फारम सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंमा दर्ता गरी सक्नु पर्नेछ। नाबालक तथा अशक्त शेयरधनीको प्रतिनिधिको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधि तोक्न सक्ने छ। प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरु आफैं सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ।
(५) संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र सभामा भाग लिन सक्नेछ। तर प्रतिनिधि कायम गर्नुपर्ने अवस्थामा दुबै जनाको सर्व-सम्मतबाट कम्पनीमा कायम अर्को शेयरधनीलाई सहीछाप गरी नियुक्त गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन पाउनेछन्।
(६) प्रतिनिधि नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग दुरुस्तै मिल्नु पर्नेछ।
(७) शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले वा प्रबन्ध सञ्चालक वा प्रबन्ध सञ्चालकले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ।
(८) शेयरधनी महानुभावहरुलाई छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा ७ (सात) कार्य दिन अगावै २०८१/०९/१७ गते (तदानुसार १ जनवरी, २०२५) बुधबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी सञ्चालकज्यूका नाममा लिखित जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
(९) सभाको सुरक्षालाई मध्यनजर गर्दै सभामा उपस्थित हुनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई झोला (ब्याग) आदि नल्याउनु हुन अनुरोध गरिन्छ। साथै सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक ठानेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनु हुनको निमित्त समस्त शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ।
(१०) मिति २०८१/०९/०७ गते देखि २०८१/०९/१८ गते (तदानुसार २२ डिसेम्बर, २०२४ देखि २ जनवरी, २०२५) सम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१।०९।०६ गते (तदानुसार २१ डिसेम्बर, २०२४) सम्म नियमानुसार कारोबार भई प्रचलित कानून बमोजिम शेयर नामसारी भई कायम शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ।
(११) शेयरधनी महानुभावहरुलाई कम्पनीको २८ औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ।
(१२) कम्पनीको वार्षिक साधारणसभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, वित्तिय विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाइनेछ। कारणवश कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ। २८ औं वार्षिक साधारण सभाको सूचना सहितको २०८०।०८१ को वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.taragaon.com मा समेत हेर्न सक्नुहुनेछ।
(१३) वार्षिक साधारण सभामा मन्तव्य राख्नका निमित्त प्रति वक्ता ३ मिनेट मात्र समय उपलब्ध हुनेछ। विशेष समय लाग्ने भएमा मन्तव्य नदिई आफ्नो विचारको लिखित प्रति कम्पनी सचिवलाई उपलब्ध गराउन सकिनेछ।
(१४) सर्वसाधारण शेयरधनी समुहको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन समितिले तोके बमोजिम हुनेछ र सो सम्बन्धी सूचना २८औं वार्षिक साधारण सभा हुनु भन्दा कम्तीमा ७ (सात)दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै कम्पनीको वेभसाइडमा समेत राखिनेछ।

### प्रोक्सी फारम

**श्री संचालक समिति**
तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
का.म.न.पा. ६, बौद्ध, काठमाण्डौ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे।**

महोदय,

… … … … … … जिल्ला … … … … … … … … … … महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. ……. बस्ने म/हामी ……………………………….ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८१ पौष २४ गते (तदानुसार ८ जनवरी, २०२५) बुधबारका दिन हुने २८ औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ……………………………………… जिल्ला …………………… महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. ………. बस्ने श्री ……………………………. शेयर प्रमाण पत्र नं./हितग्राही खाता नं. …………………. लाई मेरा/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः
दस्तखत नमुनाः
शेयर प्रमाणपत्र/शेयरधनी परिचय नं.:

निवेदकको दस्तखतः
नामः
ठेगानाः

| हितग्राही खाता नं. | DP ID | Beneficial Owner ID |
|---|---|---|
| | | |

शेयरधनी परिचय नं.
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः
मितिः

*द्रष्टब्य : (१) यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ।*

### तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
**(२८औं वार्षिक साधारण सभामा)**
**प्रवेश पत्र**

(१) हितग्राही खाता (BOID) नं.: ……………
(२) शेयर प्रमाणपत्र नं.: ……………………
(३) शेयर संख्याः …………………………
(४) शेयरधनीको नामः …………………………
(५) शेयरधनीको हस्ताक्षर (सही): ……………

***द्रष्टव्यः***
१) तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०८१ पौष २४ गते (तदानुसार ८ जनवरी, २०२५) बुधबारका दिन हुने २८ औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र।
२) शेयरधनी महानुभावहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ।
३) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ।

**(कम्पनी सचिव)**

## २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) गतेको वित्तीय स्थितिको विवरण (वासलात)

*(रकम रुपैंयामा)*

| विवरण | २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) | २०८० आषाढ ३१ (१६ जुलाई २०२३) |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालु सम्पति** | | |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरण | १,७५७,४५३,९५८ | १,७१७,६८५,४७६ |
| प्रयोग गर्ने अधिकार भएको सम्पत्ति (Right to Use Assets) | ३७,९११,६२८ | ३९,९०५,८२६ |
| पूंजीगत कार्य प्रगति (Capital Work in Progress) | १३,९९२,१८८ | - |
| अन्य अमुर्त सम्पत्ति | ५७१,३३४ | २७०,०५६ |
| **जम्मा गैर चालू सम्पत्ति** | **१,८०९,९२९,१०८** | **१,७५७,८६१,३५८** |
| **चालु सम्पत्ति** | | |
| **जिन्सी मौज्दात** | **२०,७६५,६१६** | **१९,७९७,६६९** |
| **वित्तीय सम्पत्ति** | | |
| व्यापारिक तथा अन्य प्राप्य रकम | ७४,९२१,०७६ | ५४,९४५,४८० |
| नगद र नगद सरह | ९६७,०८०,०७२ | ८३९,६५३,३९५ |
| अन्य वित्तीय सम्पत्ति | ३,३८५,५९१ | ३,४५८,७९१ |
| परिशोधित लागतमा वित्तीय सम्पत्ति | १,०८१,९८०,३४८ | ७९८,६१०,४४८ |
| अन्य चालू सम्पत्ति | १५९,५४०,६२७ | १७६,९६५,६२५ |
| आयकर सम्पत्ति | ६,८९३,७४२ | - |
| **जम्मा चालू सम्पत्तिः** | **२,३१४,५६७,०७२** | **१,८९३,४३१,४०८** |
| **जम्मा सम्पत्ति** | **४,१२४,४९६,१८०** | **३,६५१,२९२,७६६** |
| **पूँजी तथा दायित्व** | | |
| **पूँजी** | | |
| शेयर पूँजी | १,९६२,१२०,१६० | १,८८६,६५४,००० |
| संचित मुनाफा तथा जगेडा | ९२१,४४५,१४२ | ६७९,४२६,१८९ |
| **जम्मा पूँजी** | **२,८८३,५६५,३०२** | **२,५६६,०८०,१८९** |
| **दायित्वः** | | |
| **गैर चालू दायित्वः** | | |
| **वित्तीय दायित्व** | | |
| अन्य वित्तिय दायित्वहरु | ४५,०३९,०७३ | ४४,७६५,८२२ |
| दीर्घकालिन व्यवस्थाहरु | ४९,२५६,०८१ | ४७,२६७,११८ |
| अन्य गैर चालू दायित्वहरु | २०,०००,००० | २०,०००,००० |
| स्थगन कर दायित्व (खूद) | ८५,८६९,००८ | ८५,२१८,५९२ |
| **जम्मा गैर चालू दायित्व** | **२००,१६४,१६२** | **१९७,२५१,५३२** |
| **चालू दायित्वः** | | |
| **वित्तीय दायित्व** | | |
| व्यापारिक तथा अन्य दायित्वहरु | ३७२,०६६,६३७ | ३०२,७२४,२०६ |
| अल्पकालिन व्यवस्थाहरु | ९९,२८५,९४४ | ८३,५०५,८८२ |
| अन्य वित्तिय दायित्वहरु | ५०१,३७२,९२७ | ४४३,७९९,७३३ |
| अन्य चालू दायित्वहरु | ६८,०४१,२०८ | ५७,३७१,०२२ |
| आयकर दायित्व | - | ५६०,२०२ |
| **जम्मा चालू दायित्वः** | **१,०४०,७६६,७१६** | **८८७,९६१,०४५** |
| **जम्मा दायित्वः** | **१,२४०,९३०,८७८** | **१,०८५,२१२,५७७** |
| **जम्मा पूंजी तथा दायित्व** | **४,१२४,४९६,१८०** | **३,६५१,२९२,७६६** |

## २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) मा समाप्त भएको वर्षको नाफा तथा नोक्सान विवरण

*(रकम रुपैंयामा)*

| विवरण | २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) | २०८० आषाढ ३१ (१६ जुलाई २०२३) |
|---|---|---|
| सञ्चालनबाट आम्दानी | १,४९५,०८१,५१४ | १,३४४,२३६,०७० |
| अन्य आम्दानी | २४६,४००,४१२ | २२७,५६८,९६३ |
| **जम्मा आम्दानी** | **१,७४१,४८१,९२६** | **१,५७१,८०५,०३३** |
| **खर्चः** | | |
| संचालन खर्च | ४४४,३७८,१७३ | ४८१,६२३,५१७ |
| कर्मचारी खर्च | ४०१,८०५,७१२ | ३३५,७८९,७१३ |
| प्रशासनिक खर्च | ७१,७८४,८७३ | ९०,८८०,५८५ |
| विक्रि तथा प्रवर्द्धन खर्च | ६०,५७८,९०४ | ५४,३७६,३२८ |
| **जम्मा खर्च** | **९७८,५४७,६६२** | **९६२,६७०,१४३** |
| **ह्रास कट्टि, अपलेखन र आयकर अधिको नाफा** | **७६२,९३४,२६४** | **६०९,१३४,८९०** |
| ह्रास कट्टि र अपलेखन खर्च | ७७,६७८,६७४ | ७२,२०५,७६५ |
| वित्तिय खर्च | १८,४१०,६८० | १९,३७४,४४८ |
| **आयकर अधिको नाफा/(नोक्सान)** | **६६६,८४४,९१०** | **५१७,५५४,६७७** |
| **कर खर्च** | | |
| यस वर्षको कर खर्च | १४१,१७७,४४४ | १११,९२३,२६६ |
| स्थगन कर आम्दानी/(खर्च) | ६५०,४१६ | १,२९९,८६५ |
| **यस अवधिको नाफा/(नोक्सान)** | **५२५,०१७,०५०** | **४०४,३३१,५४६** |
| **प्रति शेयर आम्दानी** | **२७** | **२१** |

## २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) मा समाप्त भएको वर्षको नगद प्रवाह विवरण

*(रकम रुपैंयामा)*

| विवरण | २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) | २०८० आषाढ ३१ (१६ जुलाई २०२३) |
|---|---|---|
| क. सञ्चालन गतिविधिबाट नगद प्रवाहः | | |
| **आयकर पछिको खूद नाफा** | **५२५,०१७,०५०** | **४०४,३३१,५४६** |
| **गैर नगद समायोजनः** | | |
| ह्रास कट्टि | ७७,६७८,६७४ | ७२,२०५,७६५ |
| स्थिर सम्पत्तिको बिक्रीमा नाफा | (२,२००,०००) | (३४४,६९६) |
| स्थगन कर | ६५०,४१६ | १,२९९,८६५ |
| **कार्यशील पूंजी परिवर्तन अधिको सञ्चालन मुनाफा** | **६०१,१४६,१४०** | **४७७,४९२,४८०** |
| **कार्यशील पूंजीमा परिवर्तन** | | |
| जिन्सी मौज्दातमा भएको कमी/(वृद्धि) | (९६७,९४७) | (८,१०९,५३७) |
| व्यापारिक तथा अन्य प्राप्य रकममा भएको कमी/(वृद्धि) | (२,५५०,५९८) | (१६,९१०,७७३) |
| अन्य सम्पत्तिमा भएको कमी/(वृद्धि) | (६,८२०,५४२) | ३८,३०२,४७७ |
| **गैर चालु दायित्वमा वृद्धि/(कमी)**: | | |
| अन्य वित्तीय दायित्वमा भएको वृद्धि/(कमी) | २७३,२५१ | ३९७,६८० |
| व्यवस्थामा भएको वृद्धि/(कमी) | १,४२८,७६१ | (५,९६२,३३२) |
| **चालू दायित्वमा वृद्धि/(कमी)** | | |
| व्यापारिक तथा अन्य दायित्वमा भएको वृद्धि/(कमी) | ६९,३४२,४३१ | (४१,६४२,१९४) |
| अन्य चालु दायित्वमा भएको वृद्धि/(कमी) | १०,६७०,१८६ | (२३,९५७,७३४) |
| अन्य वित्तीय दायित्व तथा व्यवस्थामा भएको वृद्धि/(कमी) | ६,७३४,९६९ | ४१,१७२,६२२ |
| **सञ्चालन गतिविधिबाट खूद नगद प्रवाह (क)** | **६७९,२५६,६५१** | **४६०,७८२,६८९** |
| ख. लगानी गतिविधिबाट नगद प्रवाहः | | |
| स्थिर सम्पत्ति खरिद | (१२९,९२२,५८९) | (५६,६२०,९२३) |
| स्थिर सम्पत्ति बिक्री | २,३७६,१६५ | ९५५,४८७ |
| मुद्दती निक्षेपमा लगानी | (२८३,३६९,९००) | ७३,७०४,६७३ |
| **लगानी गतिविधिमा प्रयोग भएको खूद नगद (ख)** | **(४१०,९१६,३२४)** | **१८,०३९,२३७** |
| ग. वित्तीय गतिविधिबाट नगद प्रवाहः | | |
| लाभांशको भूक्तानी | (१४०,९१३,६५०) | (१०३,१६१,८५०) |
| **वित्तीय गतिविधिबाट खूद नगद प्रवाह (ग)** | **(१४०,९१३,६५०)** | **(१०३,१६१,८५०)** |
| **नगद र नगद सरहमा खूद वृद्धि (क+ख+ग)** | **१२७,४२६,६७७** | **३७५,६६०,०७६** |
| **बर्षारम्भमा नगद र नगद सरह** | **८३९,६५३,३९५** | **४६३,९९३,३१९** |
| **बर्षान्तमा नगद र नगद सरह** | **९६७,०८०,०७२** | **८३९,६५३,३९५** |
| नगद मौज्दात | ५,२७२,७२४ | २,५१९,९३० |
| मुद्दती बचत (३ महिनाभित्र परिपक्व हुने) | ८०१,५९५,०३५ | ६९५,४३८,९२४ |
| बैंक मौज्दात | १६०,२१२,३१३ | १४१,६९४,५४१ |